


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ३० गते शुक्रबार ❑ 16 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## विपद्पछिको पुनर्निर्माण र पुनःस्थापना सरकारको प्राथमिकता: मन्त्री पुन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ असोज

विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महाविर पुन बिहीबार मनसुनजन्य विपद्बाट पुगेको क्षतिको निरिक्षणका लागि म्याग्दीमा आउनुभएको छ।

यही असोज ८ देखि ११ गतेसम्म परेको वर्षापछि कालीगण्डकी नदीमा आएको बाढी र पहिरोका कारण प्रभावित बनेको म्याग्दीको स्थलगत निरीक्षणका लागि यहाँ आउनुभएको हो । गत फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीबाट स्वतन्त्र उम्मेदवारका रूपमा पुन विजयी हुनुभएको थियो । बाढीपहिरोले पुऱ्याएको क्षतिको स्थलगत निरीक्षण, प्रभावितसँग भेटघाट र सरोकार भएका निकायका प्रतिनिधिसँग छलफलका लागि उहाँ म्याग्दी पुग्नुभएको उहाँको सचिवालयले जनाएको छ । "म्याग्दीका छ वटै स्थानीय तहको केन्द्रमा पुगेर विपद्ले पुऱ्याएको क्षतिको निरीक्षण, प्रभावितसँग भेटघाट र पुनर्निर्माण तथा पुनःस्थापनाका विषयमा छलफल गर्न आएको हुँ", मन्त्री पुनले भन्नुभयो, "क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण र बाढीपहिरोबाट घरवासविहीन बनेकाहरूको पुनःस्थापनालाई प्राथमिकता दिएर म्याग्दीका छ वटै स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ।"

सरकार विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनामा केन्द्रित भएको मन्त्री पुनले बताउनुभयो । उहाँले स्थलगत निरिक्षण, प्रभावितको अपेक्षा र सरोकारवालाहरूको सुझावका आधारमा पुननिर्माण तथा पुनःस्थापनाको कार्ययोजना बनाएर अघि बढ्ने बताउनुभयो।

आज बिहान बेनीमा प्रमुख जिल्ला अधिकारी गणेश गैरेलगायत सुरक्षा अधिकारीहरूसँग भेटघाट गरेर धौलागिरि, मालिका र मङ्गला गाउँपालिकाको निरीक्षणमा जानुभएको थियो । शुक्रबार बिहान बेनी, दिउँसो रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको निरीक्षण गरी त्यहाँका प्रतिनिधिसँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको मन्त्री पुनका सम्पर्क व्यक्ति चित्र तिलिजा पुनले बताउनुभयो।

मन्त्री बनेपछि पुन दोस्रोपटक आफ्नो निर्वाचन क्षेत्रमा आउनुभएको हो। सरकारी सवारीसाधन र सुरक्षाकर्मी साथमा नलिई निर्वाचन क्षेत्रमा आएका पुनको टोलीले भ्रमणमा भाडाको जिप प्रयोग गरेका छन्।

विपद्का कारण म्याग्दीमा सात जनाको मृत्यु र दुई जना बेपत्ता भएको, सडक, खानेपानी, नदी नियन्त्रण, विद्युत्, सञ्चार, सिँचाइ पूर्वाधार र निजी सम्पत्तिमा अर्बौंको क्षति पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। जिल्लाभर १११ घर पूर्णरुपमा क्षति भई परिवार विस्थापित भएका छन् । त्रियानब्बे घरमा आंशिक क्षति पुगेको छ भने ३४२ घर पहिरोको उच्च जोखिममा रहेका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो।

प्रारम्भिक विवरणअनुसार बेनी–जोमसोम सडकखण्डमा मात्रै करिब रु ८० देखि ९० करोड बराबरको क्षति भएको छ । बेनी–दरबाङ सडकखण्डमा करिब रु आठ करोडको क्षति पुगेको छ । सदरमुकाम बेनीमा वितरण हुने खानेपानीका संरचनामा रु आठदेखि १० करोड बराबरको क्षति भएको छ भने विद्युत् संरचनामा करिब रु दुई करोड ५० लाखको क्षति पुगेको प्रशासनले जनाएको छ।

## मुस्ताङ र जुम्लाको स्याउ पोखरामा सहुलियत मूल्यमा बिक्री

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

मुस्ताङ र जुम्लामा उत्पादित स्थानीय स्याउ पोखरामा सहुलियत मूल्यमा बिक्री वितरण सुरु गरिएको छ । नेपालीहरूको महान् पर्व विजयादशमीलाई लक्षित गर्दै पोखरा महानगरपालिका–१६ र १९ को सिमाना अमरदीपस्थित देउराली कृषि फर्मले स्याउ मेला आयोजना गरी स्याउ बिक्री सुरु गरेको हो।

मेलामा मुस्ताङ र जुम्लाका विभिन्न जातका स्याउ प्रतिकिलो १८० देखि २७० रुपैयाँसम्ममा उपलब्ध छन्। फर्मका सञ्चालक वासुदेव तिवारीका अनुसार गोल्डेन, रोयल र रेड डेलिसियस जातका स्याउ उपभोक्ताले खरिद गर्न सक्नेछन्। चाडपर्वका बेला खाद्यवस्तु तथा फलफूलमा मिसावट हुने समस्या देखिने भएकाले उपभोक्तालाई गुणस्तरीय र शुद्ध स्याउ उपलब्ध गराउने उद्देश्यले मेला आयोजना गरिएको सञ्चालक तिवारीले बताउनुभयो। किसानबाट सिधै स्याउ खरिद गरी उपभोक्तासम्म पुऱ्याउँदा बिचौलियाको भूमिका कम हुने र उपभोक्ताले समेत सहुलियत मूल्यमा स्याउ पाउने उहाँको विश्वास छ।

तिवारीले विगत तीन वर्षदेखि मुस्ताङ र जुम्लामा उत्पादित स्याउ सिधै खरिद गरी पोखरामा बिक्री वितरण गर्दै आउनुभएको छ। मुस्ताङको पाक्लिङस्थित छिरिङ कृषि तथा पशुपन्छी फार्म र जुम्लाको सिंजा क्षेत्रमा रहेको सिंजा कृषि तथा पशुपन्छी फर्मबाट स्याउ खरिद गरी पोखराका उपभोक्तासम्म पुऱ्याउने गरिएको उहाँले जानकारी दिनुभयो।

कृषिलाई आत्मनिर्भरता र व्यावसायिक आम्दानीको माध्यम बनाउँदै आउनुभएका तिवारीले आफ्नो परिवारका सदस्यलाई समेत कृषि व्यवसायमा संलग्न गराउनुभएको छ । उहाँका जेठा छोरा कृष्णहरि तिवारी पनि यस व्यवसायमा आबद्ध हुनुहुन्छ । किवी तथा अलैँची खेतीबाट समेत आम्दानी गर्दै आउनुभएका तिवारीले विभिन्न फलफूलबाट वाइन उत्पादन समेत गर्दै आउनुभएको छ।

स्याउ मेलाको औपचारिक शुभारम्भ कार्यक्रममा वोल्दै पोखरा महानगरपालिका–१९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले मुस्ताङ र जुम्लामा उत्पादित स्याउ पोखराको अमरदीप क्षेत्रमा बिक्री वितरण सुरु हुनुले स्थानीय उपभोक्तालाई सहुलियत मूल्यमा स्याउ उपलब्ध गराउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख युवराज गुरुङले स्थानीय स्याउको बजारीकरणलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले पर्यटकको रुचि र आवश्यकताअनुसार स्याउका विभिन्न जात तथा परिकार उपलब्ध गराउनुका साथै स्थानीय उत्पादनलाई उपहारका रूपमा समेत बजारमा प्रवर्द्धन गर्न सके पर्यटन र कृषि दुवै क्षेत्रलाई लाभ पुग्ने बताउनुभयो।

त्यसैगरी, पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले कृषि उत्पादनको बजारीकरण र प्रवर्द्धनमा यस्ता मेला तथा महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । चाडपर्वका समयमा खाद्यवस्तुमा हुन सक्ने मिसावटप्रति सचेत रहँदै व्यवसायीलाई व्यावसायिक मर्यादाभित्र रहेरकारोबार गर्न र उपभोक्तालाई पनि खरिद गर्दा सजग रहन उहाँले आग्रह गर्नुभयो । पोखरा व्यावसायिक प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले यस्ता कार्यक्रमले स्थानीय उत्पादनको बजार विस्तार गर्न तथा व्यवसायीलाई प्रोत्साहन दिन सहयोग पुग्ने बताउनुभयो।

महानगरपालिकाले विभिन्न व्यक्ति तथा संघसंस्थालाई व्यावसायिक प्रवर्द्धनका लागि सहयोग गर्दै आएको उहाँको भनाइ थियो । स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै किसानबाट सिधै उपभोक्तासम्म स्याउ पुऱ्याउने उद्देश्यसहित सुरु गरिएको यस मेलाले मुस्ताङ र जुम्लाका स्याउको बजार विस्तार गर्नुका साथै उपभोक्तालाई गुणस्तरीय फलफूल सहज रूपमा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको युवा व्यवसायी कृष्णहरी तिवारीले बताउनु भयो।

## 'पर्यटन पुनःउत्थानका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

पर्यटन सम्बद्ध सङ्घसंस्थाका अगुवाहरूले प्राकृतिक विपद् लगायत कारणले समस्यामा परेको मुलुकको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न सरकार र निजी क्षेत्रबीच सहकार्यको खाँचो औँल्याएका छन्। पर्यटन क्षेत्रलाई उकास्न सबै पक्षको साझा पहल र ऐक्यबद्धता आवश्यक पर्नेमा सरोकार भएकाहरूले जोड दिएका हुन्।

पोखरामा आयोजित ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीको ३३औँ वार्षिक साधारणसभामा सरकारी निकाय र निजी क्षेत्रका प्रतिनिधिहरूले पर्यटन क्षेत्रको समग्र विकासका लागि नीतिगत र संरचनागत सुधार गर्नुपर्ने बताएका हुन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले बाढीपहिरो जस्ता विपद्बाट पर्यटकीय पूर्वाधारमा ठूलो क्षति पुगेको जनाउँदै तिनको पुनर्निर्माणलाई मन्त्रालयले प्राथमिकता दिने बताउनुभयो । "पर्यटन व्यवसायीलाई सरल र सहुलियपूर्ण कर्जा सुविधा, बजारीकरणलगायत क्षेत्रमा सहयोग पुऱ्याई व्यवसायलाई पुनःस्थापित गर्नुपर्ने आवश्यकता छ," उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न र चलायमान बनाउन मन्त्रालय टानलगायत निजी क्षेत्रका सङ्घसंस्थासँग सहकार्य गर्न तयार छ।" सचिव निरौलाले पर्यटनसँग सम्बन्धित विभिन्न कानुन परिमार्जन र संशोधनको तयारी अगाडि बढेकाले कानुन तर्जुमा मार्फत पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनलाई थप गति दिइने बताउनुभयो।

कानुनी अन्यौलताका कारण पनि तीन तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य हुन नसकेको उल्लेख गर्दै उहाँले नीति तथा कानुन निर्माणलाई मन्त्रालयले प्राथमिकता दिएको बताउनुभयो। उहाँले नेपाल पर्यटन बोर्डलाई समयसापेक्ष रूपमा पुनःसंरचनासहित रुपान्तरण गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

टानका अध्यक्ष सागर पाण्डेले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि सात वटै प्रदेशमा पर्यटन हेर्ने छुट्टै विभाग गठन स्थापना गर्नुपर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डले मात्र सिङ्गो देशको पर्यटन क्षेत्रलाई नेतृत्व गर्न नसक्ने उहाँको भनाइ छ।

नेपालमा अन्तरराष्ट्रिय पर्यटन प्रवर्द्धनको उद्देश्यले गठित पर्यटन बोर्डलाई पूर्वाधार निर्माण जस्ता अतिरिक्त कामको जिम्मेवारी दिइनु उचित नरहेको अध्यक्ष पाण्डेले बताउनुभयो । उहाँले अहिलेको अवस्थामा नेपालमा पर्यटकको सङ्ख्या वृद्धिमा ध्यान दिनुपर्ने बताउनुभयो।

"गुणस्तरीय पर्यटनको बहस पनि सुरु भएको छ तर अहिलेलाई हामीले सबैखाले पर्यटक भित्र्याउन जोड दिनुपर्छ," अध्यक्ष पाण्डेले भन्नुभयो, "पर्यटकको आगमन बढ्दै गयो भने गुणस्तरीय पर्यटनलाई योजनाबद्ध प्रवर्द्धन गर्न सकिन्छ ।" आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि राज्यका निकाय र निजी क्षेत्रको ध्यान जानुपर्नेमा उहाँले जोड दिनुभयो। पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि बोर्डले निजी क्षेत्रसँग सहकार्य गर्दै आएको बताउनुभयो। अहिलेको सरकारले पर्यटन विकासका लागि नयाँ सोच र योजना ल्याएकाले त्यसलाई सबै मिलेर सफल पार्नुपर्ने उहाँको भनाइ छ।
पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट भर्खर सुरु भएको अन्तरराष्ट्रिय उडानलाई दिगो र प्रभावकारी बनाउन सके मुलुककै पर्यटन क्षेत्रले लाभ लिने धारणा राख्नुभयो । पोखराको पर्यटनमा अर्बौंको लगानी भएको जनाउँदै उहाँले सरकारले व्यवसायीको हकहित र लगानी सुरक्षाका लागि आवश्यक नीतिगत प्रबन्ध गर्नुपर्ने बताउनुभयो । साधारणसभाका अवसरमा गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा भूमिका खेल्ने व्यवसायी, पत्रकारलगायतलाई सम्मान गरिएको पूर्वअध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो । अधिवेशनबाट तीर्थराज सुवेदीको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन भएको 'टान' गण्डकीले जनाएको छ।

समितिको प्रथम उपाध्यक्षमा मोहनप्रसाद सुवेदी, द्वितीय उपाध्यक्षमा गोपालकृष्ण सङ्ग्रौला, सचिवमा भूपेन्द्रकुमार लामा, सहसचिवमा प्रकाश पौडेल र कोषाध्यक्षमा चन्द्रबहादुर भुजेल चयन हुनुभएको छ। सदस्यमा बलराम दाहाल, भूपेन्द्र गौतम, अजयराम अधिकारी, शिव क्षेत्री र श्रीराम पाखरेल चयन हुनुभएको छ । दुई सदस्य पछि मनोनीत गरिने जनाइएको छ।

## पोखरामा मोटरसाइकलको ठक्करबाट चालक र पैदलयात्रीको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

पोखरामा मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा मोटरसाइकल चालक सहित दुई जनाको मृत्यु भएको छ।

पोखरा महानगरपालिका–१७ स्थित बालोदय चोकमा सिद्धार्थराजमार्गअन्तर्गत बिहीबार बिहान भएको दुर्घटनामा मोटरसाइकल चालक १९ वर्षीय सफलकुमार श्रेष्ठ र पैदलयात्री ४५ वर्षीय कृष्ण कुमालको ज्यान गएको कास्की प्रहरीले जनाएको छ । बिहीबार बिहान करिब ७ बजे विरौटाबाट छोरेपाटनतर्फ जाँदै गरेको ग १४ प ४८७९ नम्बरको मोटरसाइकलले सडक पार गर्दै गरेका कुमाललाई ठक्कर दिएको थियो । पैदलयात्रीलाई ठक्कर दिएपछि अनियन्त्रित बनेको मोटरसाइकल सडकको बीचमा रहेको डिभाइडरमा ठोक्किएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनालाई सुरुमा विरौटास्थित नोबेल अस्पताल लगिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) पुऱ्याइएकोमा चिकित्सकले दुवैलाई मृत घोषणा गर्नुभयो।

मृतक श्रेष्ठ पोखरा महानगरपालिका–१७ का स्थानीय बासिन्दा हुनुहुन्छ भने कुमालको स्थायी घर लमजुङ रहेको र उनी हाल पोखरा–१७ विरौटामा बस्दै आएको प्रहरीले जनाएको छ । दुर्घटनाबारे कास्की प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।



# पोखरामा दशैंको अवसरमा १० किलोमिटर खुला सडक दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

स्वस्थ जीवनशैली र नियमित शारीरिक व्यायामको महत्वबारे सन्देश प्रवाह गर्ने उद्देश्यले पोखरामा १० किलोमिटर खुला सडक दौड प्रतियोगिता आयोजना हुने भएको छ।

जनप्रिय बहुमुखी क्याम्पस पोखराको आयोजना तथा एनवाईसीरत्नचोककोसहआयोजनामाहुने प्रतियोगितामा हालसम्म ४५० जना महिला तथा पुरुष धावकले नाम दर्ता गराइसकेको आज क्याम्पसमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । दशैंको अवसर पारेर आयोजना गर्न लागिएको प्रतियोगिताले नियमित शारीरिक व्यायामलाई दैनिक जीवनको हिस्सा बनाउन प्रेरित गर्ने क्याम्पस प्रमुख कृष्णबाबु बरालले बताउनुभयो । शिक्षासँगै खेलकुद पनि मानव स्वास्थ्यका लागि उत्तिकै आवश्यक रहेको उहाँले बताउनुभयो । स्वस्थ जीवनका लागि शारीरिक सक्रियता महत्वपूर्ण हुने उल्लेख गर्दै उहाँले खेलकुदका माध्यमबाट स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्न प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिनुभयो।




एनवाईसी रत्नचोकका अध्यक्ष आशिक गुरुङले दशैंको अवसरमा नियमित शारीरिक व्यायाम मानव स्वास्थ्यका लागि आवश्यक छ भन्ने सन्देश दिन दौड प्रतियोगिता आयोजना गर्न लागिएको बताउनुभयो । दौडलाई दैनिक कार्यतालिकामा समावेश गर्न सके स्वस्थ जीवनशैली अपनाउन र रोगका कारण उत्पन्न हुने आर्थिक, मानसिक तथा शारीरिक तनाव कम गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो।

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले पछिल्लो समय पोखरामा दौडप्रति आकर्षण बढ्दै गएको बताउनुभयो । उहाँले यस्ता प्रतियोगिताले नागरिकलाई स्वास्थ्यप्रति सचेत बनाउनुका साथै खेलकुद संस्कृतिको विकासमा समेत योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो। त्यसैगरीपर्यटनविद्दीपेन्द्रपहारीले पोखरामा खेल पर्यटनको अथाह सम्भावना रहेको बताउनुभयो । खेलकुदसँग पर्यटनलाई जोड्न सके पोखराको पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने उहाँको भनाइ थियो।

प्रतियोगिता रत्नचोकबाट सुरु भई सिर्जनाचोक, जिरो किलोमिटर, हल्लनचोक, खहरे, लेकफुड ट्रेक, बाराही मन्दिर, शहीदचोक, राष्ट्रबैंकचोक, ड्यामसाइड, बिरौटा, मुस्ताङचोक र हर्कसिंह चोक हुँदै जनप्रिय बहुमुखी क्याम्पसमा पुगेर सम्पन्न हुनेछ। प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुने धावकलाई क्रमशः १० हजार, सात हजार र पाँच हजार रुपैयाँ नगद पुरस्कारसहित मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। दौड पूरा गर्ने सबै धावकलाई समेत मेडल प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगिताबाट बचत हुने रकम एनवाईसीका युवाले टोल विकासका गतिविधि तथा जनप्रिय बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको छात्रवृत्तिमा खर्च गर्ने जनाइएको छ । एनवाईसी रत्नचोक तथा जनप्रिय बहुमुखी क्याम्पसबीच एक दशकअघि भएको सम्झौताअनुसार एनवाईसीले हालसम्म २५ जना विद्यार्थीलाई स्नातक तहको अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिसकेको छ । स्थानीय युवाद्वारा स्थापित सामाजिक संस्था एनवाईसी रत्नचोक तथा स्थानीय शिक्षाप्रेमी, समाजसेवी र संघसंस्थाको योगदानमा स्थापित गैरनाफामूलक शैक्षिक संस्था जनप्रिय बहुमुखी क्याम्पसले सहकार्यमा एयरपोर्ट र रत्नचोक क्षेत्रका टोलमा विभिन्न सामाजिक तथा शैक्षिक गतिविधि सञ्चालन गर्दै आएका छन्।

# कृषिमा उत्पादन लागत कम गर्न प्रविधिको प्रयोग

**पोखरापत्र संवाददाता**
वालिङ, २९ असोज

वालिङ १ यवादीमा अवस्थित कृषि विकास स्रोत केन्द्रले उत्पादन लागत कम गर्न आधुनिक यन्त्र उपकरणको प्रयोगमा जोड दिएको छ।

गण्डकी प्रदेशका एघार जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले पहिलो पटक धान काट्ने अत्याधुनिक मेसिनको प्रयोग थालेको हो । पछिल्लो समय कृषि क्षेत्रमा लागत बढ्दै गएकाले त्यसलाई कम गर्न आधुनिक प्रविधि भित्र्याउनु परेको कार्यालय प्रमुख सुदीप रेग्मीले बताउनुभयो।

"हामीले उत्पादन गर्ने कृषि उपजको लागत मूल्य ह्वात्तै बढेर गएको छ," उहाँले भन्नुभयो, "लागत मूल्य कम गराउन सकेको खण्डमा कृषक तथा उपभोक्तालाई प्रत्यक्ष रूपमा लाभ पुग्छ ।" कार्यालयले उन्नत जातका धान, गहुँ, कोदोलगायत तरकारीजन्य बालीका बीउ उत्पादन गर्दै आएको छ । बीउ उत्पादनका लागि खेतबारीमा काम गर्ने कामदार पाउन कठिन हुने गरेको उहाँले बताउनुभयो।

"कामदार लगाएर उत्पादन गर्दा लागत धेरै बढ्ने भएकाले पनि आधुनिक यन्त्र उपकरणको



प्रयोगतर्फ जोड दिएका छौँ," उहाँले भन्नुभयो, "पछिल्लो समय धान काट्ने रिपर मेसिन ल्याएर प्रयोग गरेका छौँ, यसले छोटो समयमै धेरै क्षेत्रफलमा धान काट्छ।"

कुल १० देखि १५ मिनेटमा तीन रोपनी धान काट्न सक्ने भएकाले पनि यो सस्तो, छिटोछरितो भएको उहाँ बताउनुहुन्छ। रिपरको प्रयोगले दिनभरि धान काट्न लाग्ने समयलाई घटाएर एकाध घण्टामा सीमित गरिदिने भएकाले समयको बचत हुने देखिन्छ। धान काट्नका लागि ज्यालामा श्रमिक नपाइने समस्या हटेर जानाका साथै झण्डै ५० प्रतिशतसम्म लागत घट्ने उहाँ बताउनुहुन्छ। धान काट्ने मेसिनको प्रयोगले काटेको धानलाई एकैनासले पाँजा बनाउने र जमिनदेखि एउटै सतहमा सफा तरिकाले काट्ने भएकाले पनि पराल उठाउन र बाँध्न सजिलो हुने गरेको छ।

साबिक रूपमा कृषि व्यावसाय गर्दै आएका समूह, सहकारी वा फार्मले धान काट्ने मेसिनको प्रयोग गर्दा उत्पादन लागत घट्ने भएकाले यसको प्रयोग अझ उपयोगी हुने उहाँले बताउनुभयो।

कार्यालय परिसरमा २२ रोपनी र वालिङ-१ बगुवामा ८३ रोपनी क्षेत्रफलमा व्यावसायिक रूपमा धानको बीउ उत्पादन गर्दै आएको छ। कार्यालयले रामधान, हर्दिनाथलगायत उन्नत धानका बीउ उत्पादन गर्दै आएको छ । उत्पादित बीउको सम्पूर्ण प्रक्रिया पूरा गरी बिक्री वितरण हुने गरेको छ।

# सिटीवान टेलिभिजनको चाडपर्व लक्षित शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

सिटीवान टेलिभिजनले नेपालीहरूका महान् पर्व विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ।

स्टार नेपाल मिडिया हब प्रालिद्वारा सञ्चालित टेलिभिजनले बिहीबार टेलिभिजनको प्राङ्गणमा प्रतिनिधिसभा सदस्य बिना गुरुङको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्य गुरुङले वर्तमान सरकारले आफ्नै ढङ्गले देशको हितमा काम गरिरहेको बताउँदै सरकारलाई रचनात्मक सुझाव दिन आग्रह गरिन्। राष्ट्र निर्माण तथा नागरिकलाई सहज र सर्वसुलभ सेवा प्रदान गर्न आफू निरन्तर क्रियाशील रहने उनको भनाइ थियो। चाडपर्वले आपसी आत्मीयता, सद्भाव र एकतालाई थप बलियो बनाउने उनले विश्वास व्यक्त गरिन्।

गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा.शेषनारायण पौडेलले यस वर्ष देशले विभिन्न विपत्तिको सामना गर्नुपरेको उल्लेख गर्दै आगामी दिनमा यस्ता विपत्ति भोग्न नपरोस् भन्ने कामना गरे। उनले सुशासन र सदाचार कायम गर्न सके मात्रै आर्थिक विकासले गति लिन सक्ने बताए। देशमा विधि र प्रणाली स्थापित हुनुपर्नेमा जोड दिँदै उनले चाडपर्वको सामाजिक तथा सांस्कृतिक महत्त्वसँगै आर्थिक पक्ष पनि जोडिएको बताए। चाडपर्वले समस्यामा परेको अर्थतन्त्रलाई केही हदसम्म चलायमान बनाउन सहयोग पुग्ने उनको भनाइ थियो।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले धर्म, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औंल्याए। चाडपर्वहरू संस्कृतिका अमूर्त सम्पदा भएकाले तिनको संरक्षणमा सबैले ध्यान दिनुपर्ने उनले बताए । नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले मुलुकले सामना गर्नुपरेका विपत्तिको व्यवस्थापनमा सरकारले प्रयास गरिरहेको बताए। पूर्वाधार क्षेत्रमा करिब ६ खर्ब रुपैयाँ खर्च गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले आर्थिक समृद्धिका लागि सामूहिक प्रयास आवश्यक रहेको बताए। सबै राजनीतिक दल गम्भीर बन्दै साझा प्रयासमा जुट्नुपर्नेमा जोड दिँदै उनले गण्डकी प्रदेशको समृद्धिका लागि सहकार्य आवश्यक रहेको बताए। चाडपर्वका नाममा देखिने विकृतिसँगै एकले अर्कालाई घृणा गर्ने प्रवृत्तिको पनि अन्त्य हुनुपर्ने उनको भनाइ थियो।

पोखरा महानगरपालिका वडा नं। १७ की वडाध्यक्ष राधिका कुमारी शाही योगीले सबै नागरिकले सहज र समान रूपमा चाडपर्व मनाउन पाउने वातावरण निर्माण गर्नुपर्ने बताइन् । आपसी एकता र सहकार्यका माध्यमबाट संस्कार तथा संस्कृतिको संरक्षण गर्नुपर्ने उनको भनाइ थियो।

सिटीवान टेलिभिजनका अध्यक्ष पवन प्रजापतिले सबैको साथ र सहयोगका कारण टेलिभिजनले यहाँसम्मको यात्रा तय गर्न सफल भएको बताए। आगामी दिनमा पनि सबैबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्दै उनले वर्तमान अवस्थामा टेलिभिजन सञ्चालन गर्न सहज नभए पनि सरकार तथा व्यवसायी सबैको सकारात्मक भूमिका आवश्यक रहेको बताए।

नेपालउद्योगवाणिज्यमहासंघ गण्डकीका कोषाध्यक्षसमेत रहेका टेलिभिजनका उपाध्यक्ष राजेन्द्र ओझालेउद्योगीतथाव्यवसायीलाई सरकारको साथ र सहयोग आवश्यक रहेको बताए। देशमा आएका विपत्ति तथा विभिन्न घटनाले सबै क्षेत्रमा प्रभाव पारेको उल्लेख गर्दै उनले कार्यक्रममा उपस्थित सबैप्रति आभार व्यक्त गरे। सबैमा सुख, शान्ति र समृद्धिको कामना गर्दै उनले आयआर्जनका अवसर विस्तार हुनुपर्नेमा जोड दिए।

कार्यक्रमको सञ्चालन टेलिभिजनका प्रबन्ध निर्देशक अनिशा श्रेष्ठले गरेकी थिइन्। उनका अनुसार स्टार नेपाल मिडिया हब प्रालिद्वारा सञ्चालित सिटीवान टेलिभिजनको मुख्य कार्यालय पोखराको नयाँबजारमा रहेको छ भने शाखा कार्यालयकाठमाडौंकोक्षेत्रपाटीमा छ। ३० जना व्यवसायीको लगानी रहेको यस टेलिभिजनले २१ जनालाई रोजगारी दिएको छ।

गण्डकी प्रदेशलाई प्राथमिकतामा राखेर कार्यक्रम तथा समाचार सामग्री प्रसारण गर्दै आएको सिटीवान टेलिभिजनले २०७८ मंसिर २१ गतेदेखि नियमित प्रसारण सुरु गरेको हो। शुभकामना आदान प्रदान कार्यक्रममा पोखराका उद्योगी व्यवसायी, जनप्रतिनिधि, सञ्चारकर्मी, कर्मचारी, शुभचिन्तक लगायतको उपस्थिति रहेको थियो।

# पोखरा-काठमाडौं रात्रिकालीन यात्राका लागि कोइलीको बस सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

कोइली टुर एन्ड ट्राभल्सले पोखरा-काठमाडौं रुटमा शौचालय र स्लिपरसहितको सुविधासम्पन्न रात्रिकालीन बस सेवा सुरु गरेको छ।

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका सञ्चालकसमेत रहेका कोइली ट्राभल्सका सञ्चालक मेघराज त्रिपाठी र अशोककुमार चौधरीको पहलमा यात्रुको माग र आवश्यकतालाई ध्यानमा राख्दै आधुनिक सुविधासहितको बस सञ्चालनमा ल्याइएको हो।

बिगत ३२ वर्षदेखि यातायात व्यवसायमा सक्रिय त्रिपाठीले आफ्नो अनुभवलाई उपयोग गर्दै यात्रुमैत्री सेवा विस्तारमा जोड दिइएको बताए। उनका अनुसार तीन वर्षअघि परिकल्पना गरिएको कोइली ट्राभल्सले यात्रुको सकारात्मक प्रतिक्रियापछि एक वर्षअघि दिवा सेवा सुरु गरेको थियो । अहिले रात्रिकालीन सेवालाई थप परिष्कृत गर्दै शौचालय र आरामदायी स्लिपरको व्यवस्था गरिएको हो । त्रिपाठीले यात्रुको माग र समयको आवश्यकताअनुसार सेवालाई निरन्तर स्तरोन्नति गर्दै लगिएको बताए। बाढीपहिरो, सडकको दुरवस्था र यातायात क्षेत्रको कठिन परिस्थितिका बाबजुद स्वदेशमै लगानीलाई निरन्तरता दिइएको उल्लेख गर्दै उनले चाडपर्वलाई मात्रै लक्षित नगरी नियमित सेवा सञ्चालन गरिने स्पष्ट पारे। पोखरा महानगरपालिका-२५ हेम्जाबाट सुरु हुने बस पोखराको पर्यटन बसपार्क हुँदै काठमाडौं, भक्तपुर र बनेपासम्म सञ्चालन हुनेछ । वातानुकूलित बसमा २ वाई १ ढाँचाका २१ सिट, एकल तथा दोहोरो स्लिपर, शौचालय, खानेपानी, खाजा, कफी र तातोपानीको सुविधा छ। सिट र स्लिपर दुवैको भाडा प्रतियात्रु एक हजार छ सय रुपैयाँ कायम गरिएको छ। बस प्रत्येक दिन साँझ ६ः ३० बजे र पर्यटक बसपार्कबाट ७ः ३० बजे छुट्ने छ । कोइली ट्राभल्सका अर्का सञ्चालक अशोककुमार चौधरीलेअटोमोबाइलइन्जिनियरिङ अध्ययनपछि करिब २५ वर्षदेखि पोखरालाई कर्मथलो बनाएर यातायात क्षेत्रमा काम गर्दै आएको बताए । स्वदेशमै आधुनिक प्रविधिको प्रयोग गर्दै कोइलीलाई छुट्टै ब्रान्डका रूपमा स्थापित गर्ने लक्ष्य रहेको उल्लेख गर्दै उनले बसमा चीनबाट ल्याइएको स्वचालित शौचालय, प्रत्येक सिटमा बेल तथा परिवारमैत्री स्लिपरको व्यवस्था गरिएको बताए । कार्यक्रममा पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष ऐनकुमार शाहीले कठिन परिस्थितिमा समेत व्यवसायीहरूले गरेको लगानी र सेवा विस्तारको प्रशंसा गरे। उनले यात्रुको सुरक्षा र दुर्घटनापछिको अभिलेख व्यवस्थापनका लागि आधिकारिक काउन्टर वा अनलाइनमार्फत टिकट लिएर मात्र यात्रा गर्न आग्रह गरे।

त्यस्तै, कार्यक्रममा बोल्दै पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनीका निवर्तमान अध्यक्ष योगेन्द्र केसीले बाढीपहिरो, सडकको कमजोर अवस्था र यात्रुको चाप घटिरहेका बेला करिब एक करोड २० लाख रुपैयाँ लगानी गरेर सेवा विस्तार गर्नु सराहनीय भएको बताए । उनले यात्रुको सुरक्षा, चालक तथा कर्मचारीको अनुशासित व्यवहार र गुणस्तरीय खानपानमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए। कार्यक्रममा सहभागी यातायात व्यवसायीहरूले नयाँ सेवाले पोखरा-काठमाडौं यात्रालाई थप सहज, सुरक्षित र आरामदायी बनाउने विश्वास व्यक्त गरे।

# न्यू लार्के र वल्र्ड लार्केको माइक्रोवेभ रेडियो लिङ्कको थप स्तरोन्नति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ असोज

न्यू लार्के र वर्ल्ड लार्केको माइक्रोवेभ रेडियो लिङ्कको थप स्तरोन्नति गरिएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गत नेपाल टेलिकम जोमसोमले मुस्ताङको थासाङ गाउँपालिका-५ मा रहेको रेडियो लिङ्कको थप स्तरोन्नति गरिएको हो।

असोज ११ गतेको भारी वर्षाका कारण अवरुद्ध बनेको मुस्ताङको सञ्चार पहुँचलाई थप प्रभावकारी बनाउने उद्देश्यले त्यहाँ रहेका दुई वटा रेडियो लिङ्क उपकरणलाई पूर्ण क्षमतामा रुपान्तरण गरिएको हो। यसअघि म्याग्दीको घोरेपानी र मुस्ताङको न्यू लार्के र वर्ल्ड लार्केमा व्यवस्था गरिएको माईक्रोवेभ रेडियो लिङ्क उपकरणमा प्राविधिक समस्या आउँदा मुस्ताङमा पूर्ण रुपमा सञ्चार सम्पर्क अवरुद्ध हुन पुगेको थियो। भारी वर्षाका कारण अवरुद्ध रहेको मुस्ताङको सञ्चारको पहुँचलाई दिगो, भरपर्दो र प्रभावकारी बनाउन नेपाल टेलिकम जोमसोम शाखाले जनशक्ति, उपकरण तथा स्रोतसाधन परिचालन गरी अन्य रेडियो लिङ्कको सम्पर्क स्थापित गर्ने न्यू लार्के र वर्ल्ड लार्के रेडियो लिङ्कको थप स्तरोन्नति गरिएको हो। नेपाल टेलिकम जोमसोम शाखाका प्रमुख हुमबहादुर भुजेलले थासाङस्थित न्यू लार्के र वर्ल्ड लार्के रिपिटर साइडमा पावर ब्याकअप व्यवस्थापन तथा रेडियो लिङ्क पूर्ण क्षमता सञ्चालन गरिएको बताउनुभयो।

जोमसोमस्थित टेलिकम कार्यालयमा रहेको सय एम्पियर क्षमताको दुई थान लिथियम-आयन ब्याट्री पूर्ण चार्ज गरी जडान गरिएको हो।

# आईएसएफ फुटबल वर्ल्ड कपमा सहभागी हुन नेपाली टोली चीन जाने

**रासस**
काठमाडौं, २९ असोज

आईएसएफ फुटबल वर्ल्ड कपको २९औँ संस्करणमा सहभागी हुन २० खेलाडीसहित २९ सदस्यीय नेपाली टोली शुक्रबार चीन प्रस्थान गर्ने भएको छ । प्रतियोगिता असोज ३१ गतेदेखि कात्तिक ९ गते (अक्टोबर १७ देखि २६ तारिख) सम्म हुनेछ।

खेलाडीमा इभानरत्न तुलाधर, मानव सुब्बा, आरभ श्रेष्ठ, अग्रिमजङ्ग सिंह बस्नेत, साहिलराज थापा, प्रशान्त मेयाङबो, रिवाज गुरुङ, सगर्वबहादुर श्रेष्ठ, सम्योग राई, सुयास पौडेल, अन्शुमन केसी, भविष्य शाह, सिभान्स भट्टराई, आकृष्ट महत, कृष्चल थापा, कृष्णा गुरुङ, कृयाश सापकोटा, तेन्जिङ शेर्पा, आइज्याक शाही र आर्गेन तुलाधर रहेका छन्। टोलीमा १६ देखि १८ वर्ष उमेर समूहका खेलाडी सहभागी छन् । टोली नेतामा अन्तरराष्ट्रिय विद्यालय खेलकुद महासङ्घका कार्यकारी समितिका सदस्यसमेत रहेका विद्यालय खेलकुद महासङ्घका महासचिव राजकुमार कार्की तथा अफिसियलमा आईएसएसएफका अध्यक्ष विनोद श्रेष्ठ, रामकृष्ण महर्जन, पशुपति अधिकारी, भूवनलाल श्रेष्ठ, सोविनराज रेग्मी र सुमिद भट्टराई छन्। प्रशिक्षकमा थमन भुसाल र सन्तोष न्यौपाने रहेका।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# संसदीय सुनुवाइ समितिले देखाएको सांसदको सामर्थ्य

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले राजदूत पदका लागि प्रस्तावित गरेको नामहरूमध्ये संसदीय सुनुवाइ समितिले दुई जनालाई अस्वीकृत गरेको छ। अर्का एक जनाको नाम अहिले थप अध्ययनका लागि थाती (होल्ड) राखिएको छ। प्रधानमन्त्री बालेन्द्र शाह बनेपछि कुटनैतिक क्षेत्रमा परिवर्तन ल्याउने गरि सार्वजनिक आव्हान गरेर राजदूतका लागि छनोट गरिएका योग्य नभएको संसदीय सुनुवाइ समितिले देखाइदिएको छ। तेह्र देशका लागि प्रस्तावित राजदूत मध्ये अरू दस जनाको नाम समितिले सर्वसम्मत अनुमोदन गरेको छ। सार्वजनिक पदमा नियुक्तिका लागि सरकारबाट कस्ता व्यक्ति छनोट हुँदा रहेछन् भन्ने स्पष्ट भएको छ।

सरकारको पनि योग्यता कस्तो रहेछ भन्ने बुझ्ने अवसर जनताले पाएका छन।सरकारबाट भएका सिफारिस संसद्ले पनि रोक्न सक्ने संवैधानिक प्रावधान पनि कार्यान्वित भएको छ। संसद्ले आफ्नो सामर्थ्य देखाउने मौका पाएको छ। मिलिजुली सरकारमा त भागबन्डा हुँदा दल र नेताको कोटाका सिफारिस हुन्थे। दुई तिहाइको शक्तिशाली सरकारले पनि कुटनैतिक क्षेत्रमा मुख देखाउन नमिल्ने व्यक्ति सिफारिस गरेर आफ्नो अयोग्यता प्रमाणित गरेको छ। संसदीय सुनुवाइ समितिले साउदी अरबका लागि प्रस्तावित गिरीबहादुर सुनार र मलेसियाका लागि प्रस्तावित चूडामणि खरेलको सिफारिस अस्वीकृत गरेको छ। सुनारविरुद्ध महिला हिंसा र धम्कीको गम्भीर उजुरी परेको थियो। उनको उत्तरबाट सन्तुष्ट हुन नसकेपछि समितिले उनलाई योग्य ठहऱ्याएन।

मलेसियाका लागि प्रस्तावित खरेल म्यानपावर व्यवसायमा संलग्न हुँदा वैदेशिक रोजागारको प्रमुख गन्तव्य मुलुकमा पठाउनु स्वार्थ बझानकै कारण पनि अनुपयुक्त ठहरिएको छ। जापानका लागि प्रस्तावित राजदूत ज्ञानकुमार थापाको हकमा सम्भावित स्वार्थको द्वन्द्वबारे थप अध्ययन गर्नुपर्ने भन्दै सुनुवाइ रोकिएको छ। थापा र उनको परिवारसँग जापानमा स्थायी आवासीय अनुमति (पीआर) भएको आशंका भएपछि दसैंपछि मात्र उनको सुनुवाइ हुनेगरी स्थगित भएको छ। लामो समयदेखि जापानमा बसी व्यवसाय गर्दैआएका थापालाई त्यहीँ सिफारिस गर्नुलाई राम्रो मान्न सकिदैन। समितिबाट अनुमोदित दस जनामध्ये पनि केही विवादित नै थिए। कसैमाथि 'नेपो-बेबी' को आरोप लागेको थियो भने केही प्रस्तावित राजदूत सम्बन्धित मुलुकहरूमै व्यापार व्यवसायमा संलग्न रहेकाले उनीहरूको व्यावसायिक स्वार्थ र देशको हितमा स्वार्थ बाझिने प्रश्न पनि उठेको छ। हाम्रोजस्तो देशले आफ्नो स्वाभिमान जोगाउन सक्ने अनुभवी व्यक्ति नखोजी निवेदन खोज्नु नै कमजोरी थियो। विगत नै नहेरी एनजीओ, आएनजीओमा काम गरेका रोजाइमा पर्नु सरकारको अयोग्यता हो वा अन्य कारण थियो समयक्रममा खुल्नेनै छ। विगतमा एक पटक प्रधानन्यायाधीशमा सिफारिस दिपकराज जोशीलाई संसदीय सुनुवाइ समितिले अस्वीकृत गरेको थियो। त्यस बाहेक सरकारको "रबर स्ट्याम्प' बनेको सुनुवाइ समितिले यसपटक संसदीय प्रणालीको महत्त्व बुझेको छ। संसदीय सुनुवाइ समितिले गम्भीर प्रकृतिका उजुरीलाई बेवास्ता गरेन।

यो सराहनीय परिवर्तन हो। यद्यपि, प्रस्तावित व्यक्तिहरूको पृष्ठभूमि र सम्भावित स्वार्थको द्वन्द्वबारे कति गहिराइमा पुगेर अध्ययन भयो त भन्ने प्रश्न भने अनुत्तरित नै छ। उजुरी परेका व्यक्तिमाथि छानबिन गर्नुजत्तिकै उजुरी नपरेका व्यक्तिको योग्यता र आचरणको परीक्षण पनि महत्त्वपूर्ण हुन्छ। उजुरी नपरेकै आधारमा कुनै व्यक्ति स्वच्छ र योग्य छ भन्ने निष्कर्ष निकाल्नु गलत हुनसक्छ। विगतमा शासनमा प्रभाव हुनेहरूले तजबिजका भरमा नाम सिफारिस गर्दा विवादास्पद नामहरू पनि पर्ने गर्थे। यसपटक खुला निवेदन आह्वान गरे पनि सिफारिसमा भने विवादास्पद नामकै बाहुल्य देखियो। यसबाट सिफारिसपूर्व पृष्ठभूमि अध्ययन गर्ने सरकारी संयन्त्र र मन्त्रिपरिषद्को निर्यणमा पनि प्रश्न उठ्छ। छनोट प्रक्रिया खुला भएको देखाउनुमात्र पर्याप्त नभइ त्यसको परिणाम विवादरहित हुनुपर्ने पाठ सिकाएको छ। संसदीय समितिमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको पूर्ण बहुमत भए पनि आफ्नै सरकारको सिफारिसलाई अस्वीकार गरेर समितिले आफ्नो संवैधानिक अधिकार प्रयोग गरेको छ।

यसबाट सरकार वा संवैधानिक निकायबाट सिफारिस हुँदैमा कुनै पनि व्यक्ति स्वतः अनुमोदित भइहाल्दैन भन्ने स्पष्ट भएको देखिन्छ। सरकार, संवैधानिक परिषद् र न्यायपरिषद्बाट हुने सिफारिसमा संसदीय निगरानीका लागि सुनुवाइ समिति रहने संवैधानिक प्रावधान भए पनि विगतमा समितिले सिफारिस गरिएका व्यक्तिसँगको प्रश्नोत्तर औपचारिकतामा सीमित हुने गर्थ्यो। संविधानको भावनाअनुसार सुनुवाइ मर्म पूरा नभएकोमा आलोचित समितिको औचित्यमा नै प्रश्न उठेको थियो। यसपटकको निर्णयले समितिको औचित्य त पुष्टि गरेको छ तर सुनुवाइका लागि सिफारिस गरिएका व्यक्तिको योग्यता, नैतिक आचरण, आर्थिक स्वार्थ र सम्भावित स्वार्थको द्वन्द्वबारे पर्याप्त अध्ययन गर्नुपर्ने दायित्व भने अझै पूरा भएको देखिएन। समिति तथ्यमा पुग्नको लागि अनुसन्धान गर्ने, अध्ययन गर्ने र वस्तुनिष्ठ हुनुपर्नेछ। यो समितिमा रहने सदस्यहरूलाई सत्तारूढ या विपक्षीको आँखाबाट हेरिने बनाइनु हुँदैन। सदस्यहरूले पनि आफूलाई दलीय घेरामा नराखी संविधान, कानुनी र देशको हित हेरेर काम गर्न सकेमा सरकारलाई संसदप्रति जवाफदेही बनाउन सकिनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# बाढी प्रभावित क्षेत्रमा फसेका एक हजार बढीको हेलिद्वारा उद्धार

**पोखरापत्र संवाददाता**
गोरखा, २९ असोज

बूढीगण्डकी बाढी प्रभावित क्षेत्रबाट एक हजार बढी नागरिकको हेलिकोप्टरमार्फत उद्धार भएको छ। आइतबारदेखि बिहीबारसम्म एक हजार ४४ जनाको उद्धार भएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो।

यसमध्ये ७० जना विदेशी नागरिक रहेका उहाँले बताउनुभएको छ। बाढीले उत्तरी गोरखा जाने पदमार्ग र पुलमा क्षति पुऱ्याएसँगै सो क्षेत्रमा रहेका नागरिक फसेका थिए। नेपाली सेनाको हेलिकोप्टरबाट उनीहरुलाई उद्धार गरिएको शर्माले बताउनुभयो। उहाँका अनुसार बाढी गएको पहिलो दिन आइतबार प्रभावित क्षेत्रका ९६ जनाको उद्धार भएको थियो। सोमबार ३२१ र मङ्गलबार १८६ जनाको उद्धार भएको हो। बुधबार भने ४४१ जनाको उद्धार भएको सहायक प्रजिअ शर्माको भनाइ छ। उद्धारसँगै राहत वितरणको काम पनि तीव्र पारिएको उल्लेख छ। सरकार र विभिन्न सङ्घसंस्थाको सहयोगमा खाद्यान्न, टेन्ट, म्याट, सिरानी, सिरक, त्रिपाल, सोलार, जेनेरेटरलगायत राहत सामग्री वितरण भइरहेको सहायक प्रजिअ नेत्रप्रसाद शर्माले बताउनुभएको छ। बाढीले सडक सञ्जालसँगै पदमार्ग कटान गरेपछि उद्धार र राहतमा हेलिकोप्टर प्रयोग गर्नुपरेको उहाँ बताउनुहुन्छ।

"राहत वितरण गर्नका लागि पनि हेलिकोप्टरकै प्रयोग भइरहेको छ। यताबाट उद्धार गर्न जाने हेलिकप्टरले राहतका सामग्री लाने र उताबाट आउँदा मान्छेलाई उद्धार गरेर ल्याउने गरेको छ", उहाँले भन्नुभयो। यसैबीच, नेपाल रेडक्रस सोसाइटीले बूढीगण्डकी नदीमा गएको आकस्मिक बाढीको प्रतिकार्यलाई तीव्रता दिएको छ रेडक्रस सोसाइटीका महामन्त्री ऋषि खनालले बाढीको क्षतिको आकलनसहित तत्काल बाढी प्रतिकार्यमा स्वयंसेवक परिचालन गरिएको र गैरखाद्य सामग्री प्रभावित क्षेत्रमा पुऱ्याउन काम भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बाढी गएको सूचना प्राप्त गर्नासाथ गोरखा, धादिङ, तनहुँ, चितवन, नवलपुर पूर्व र पश्चिमका स्वयंसेवकलाई परिचालन गऱ्यौं। उहाँहरूले पूर्वसूचना प्रवाहित गर्नुभयो।

प्रतिकार्य जारी छ।" बाढीको तत्काल प्रतिकार्यका लागि गैरखाद्य सामग्री सहित अन्य सामग्री प्रभावित क्षेत्रमा पठाउने काम भएको र यो कार्य जारी रहेको नेपाल रेडक्रसले जनाएको छ। महामन्त्री खनालका अनुसार हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकण र नेपाली सेनाको सहकार्य र समन्वयमा नै गैरखाद्य सामग्री त्रिपाल (तारपोलियन), म्याट्रेस, ब्ल्याङ्केट, डिग्निटी किटलगायत प्रभावित क्षेत्रमा पठाइएको छ। साथै अस्पताल सञ्चालन गर्न सकिने ठूला /ठूला दुईवटा टेन्ट पनि प्रभावित क्षेत्रमा पुगेको उहाँले जानकारी दिनुभयो।

महामन्त्री खनालले भन्नुभयो, "क्षतिको अध्ययन गर्न विज्ञ जनशक्ति प्रभावित क्षेत्रमा परिचालन गरिसकिएको र थप आवश्यक गैरखाद्य सामग्री आज सरकारको समन्वयमा पठाइँदै छ। प्रभावित क्षेत्रमा मानवीय सेवा पुऱ्याउन स्वयंसेवक तल्लीन छन्।"


## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



यस जिल्ला अन्तरगत तित्याङ गा.वि.स.वडा नं. १ निवासी भु.पु.नं. १३९६६७९३ के. हवल्दार राम बहादुर गुरुङको श्रीमति कौशिला खडका र कौशिला गुरुङ भन्ने व्यक्ति एउटै भएको भनी गाउं विकास समितिको कार्यालय तित्याङ बागलुङको च.नं. ३९९ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ३ साविक हटिया गा.वि.स. वडा नं. २ निवासी भारतीय आर्मी नं. ६३७८९१२ P.T.S नायक गोकुल बहादुर क्षेत्री नागरिकता भएको गोकुल बहादुर खड्का (ना.प्र.नं. १०२७६/८४९ जारी मिति २०४२/१०/२१ जारी जिल्ला बागलुङ) को श्रीमती गंगा देवी खड्का (ना.प्र.नं ६९६० जारी मिति २०६१/०९/०४) को नागरिकतामा नाम थर गंगा देवी खड्का (Ganga Devi Khadka) र जन्म मिति वि.सं. २०२४/१०/१९ (ई.सं. 1968 February 02) उल्लेख भएको र निजको श्रीमानको भारतीय डकुमेन्टमा निज श्रीमतीको नाम थर गंगा देवी (Ganga Devi) र जन्म मिति ई.सं. 1967 February 01) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, ३ नं. वडा कार्यालय, हटिया, बागलुङको च.नं. ३७३ मिति २०८३/०६/२२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. १ साविक दुदिलाभाटी गा.वि.स. वडा नं. ६ निवासी भारतिय भु.पू.नं. ५०३८३३८ नायक लाल बहादुर विश्वकर्माको नेपाली नागरिकता नं. १३९१ मा नाम थर लाले सुनार र जन्म मिति वि.सं. २०११/०२/१२ भएको र निजको पेन्सन डकुमेन्टमा नाम थर लाल बहादुर विश्वकर्मा जन्म मिति ई.सं. १९५१/१०/१६ उल्लेख भएको व्यक्ति एउटै भएको तथा निजको एकमात्र श्रीमती माँया कुमारी सुनारको ना.प्र.नं. २५७४ मा नाम थर मायाँ कुमारी सुनार र जन्म मिति वि.सं. २०११/०७/२५ र निज श्रीमनको पेन्सन डकुमेन्टमा निज श्रीमतीको नाम थर माँया कुमारी र जन्म मिति वि.सं. २०१६/१०/१६ उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्तिहरु फरक फरक नभई एउटै व्यक्ति भएको भनी गलकोट नगरपालिका, १ नं. वडा कार्यालय, दुदिलाभाटी, बागलुङको च.नं. २३४, मिति २०८३/०६/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**


# प्राकृतिक उपचारस्थल सिङ्गा तातोपानी कुण्ड पुनःसञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज



म्याग्दीको बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक उपचारस्थल सिङ्गा तातोपानी कुण्ड १८ दिनपछि पुनःसञ्चालनमा आएको छ।

असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढी र पहिरोले कुण्डका संरचनामा क्षति पुऱ्याएको थियो। म्याग्दी नदीको किनारमा रहेको कुण्डमा हिलो, बालुवा र गेग्रान थुप्रिएपछि स्नान सेवा बन्द गरिएको थियो।

मुख्य पोखरी र परिसरमा थुप्रिएको लेदो श्रमदानबाट हटाएर स्नानयोग्य बनाएपछि बुधबारदेखि कुण्ड सञ्चालनमा ल्याइएको व्यवस्थापन समितिका सचिव अमर केसी (कुमार)ले जानकारी दिनुभयो। "पुनःसञ्चालन भएको पहिलो दिन २० देखि २५ जनाले स्नान गर्नुभएको छ", उहाँले भन्नुभयो, "दसैंपछि स्नान गर्न आउनेको सङ्ख्या बढ्ने अपेक्षा गरेका छौं।" असोज र कात्तिक तातोपानी कुण्डमा स्नान गर्ने मुख्य याम हो। यही समयमा कुण्ड बन्द हुँदा स्थानीय व्यापार व्यवसायसमेत प्रभावित भएको थियो। कुण्डमा तीन वटा पोखरी छन्। तीमध्ये उपचारका लागि बिरामीले स्नान गर्ने ठूलो र माथिल्लो पोखरीमा बाढी पसेर हिलो थुप्रिएको थियो। पर्यटकका लागि बनाइएको सानो पोखरी बाढीले भत्काएको थियो।

कुण्ड परिसरका अन्य संरचनामा क्षति पुगेको छ। कपडा फेर्ने भवन र तातोपानी भण्डारण गर्ने ट्याङ्की रहेको भवन पहिरोले भत्काएको छ। खुला स्नानस्थल पनि पहिरोले पुरिएको छ। श्रमदानबाट मुख्य पोखरीमा थुप्रिएको हिलो र लेदो हटाइएको हो। अन्य पोखरी तथा क्षतिग्रस्त संरचना मर्मत गर्न समितिले आर्थिक स्रोत खोजिरहेको छ। कुण्डको पुनःनिर्माण र संरक्षणका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहयोग माग गरिएको व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले बताउनुभयो। उहाँका अनुसार बाढीपहिरोबाट रु दुई करोडभन्दा बढीको भौतिक क्षति भएको छ। "सिङ्गाका विभिन्न टोल, युवा क्लब, आमा समूह, नेपाली सेना र सशस्त्र प्रहरीले श्रमदान गरेका छन्", उहाँले भन्नुभयो, "दाता तथा विभिन्न सङ्घसंस्थाको सहयोगमा पुनःनिर्माण गरिएको हो।" पुनःनिर्माण अभियानमा एक हजार ३०० भन्दाबढी स्थानीयवासी, सुरक्षाकर्मी र सङ्घसंस्थाका प्रतिनिधिले श्रमदान गरेका थिए।

गत आव २०८२/८३ मा २१ हजारभन्दा बढीले यस कुण्डमा स्नान गरेका थिए। नेपालका ७७ वटै जिल्लाका साथै विदेशबाट प्राकृतिक उपचारका लागि यहाँ मानिस आउने गरेका छन्।

म्याग्दी नदी किनारमा प्राकृतिक रूपमा निस्कने तातोपानी सङ्कलन गरी पोखरीमा स्नान गर्ने व्यवस्था मिलाइएको छ। यहाँको पानीको तापक्रम करिब ५० डिग्री सेल्सियस रहेको छ। पानीमा बिरेनुनको जस्तो गन्ध आउने गर्छ। तातोपानीमा स्नान गर्दा छालासम्बन्धी समस्या, ग्यास्ट्रिक, बाथ तथा चोटपटकका समस्या निको हुने जनविश्वास र अनुभव छ। असोजदेखि वैशाखसम्म तातोपानी कुण्डमा स्नान गर्न उपयुक्त याम मानिन्छ। नौ दिन स्नान गर्नका लागि रु ५०० शुल्क तोकिएको छ।

# अन्नपूर्णमा कात्तिकभर विशेष छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असोज

अन्नपूर्ण प्याथ ल्याब (एपिएल) महेन्द्रपुलले चाडपर्वको अवसरमा युरिक एसिडको जाँच सित्तैमा गरिरहेको छ।

दसैं, तिहार जस्ता महान् पर्वलाई लक्षित गरी अरु सबै प्रकारका जाँचमा पनि विशेष छुट दिइएको छ। एपिएलकी अध्यक्ष गीता कार्की पन्थले आधुनिक उपकरण, अनुभवी प्राविधिक टोलीसहित सेवा प्रदान गरिहेको एपिएलले चाडपर्वमा विशेष छुट दिएको जनकारी दिइन्। भिटामिन डी, भिटामिन १२, ट्युमर मार्कर, कल्चरसहित सबै प्रकारका रक्त परीक्षणमा दिइएको छुट कात्तिक महिनाभर रहनेछ।

सोही भवनमा रहेको अन्नपूर्ण सिटी क्लिनिकले पनि चाडपर्वको मौसममा युरिक एसिड सित्तैमा जाँच गरिरहेको छ। आठ वर्षअघि सञ्चालनमा आएको अन्नपूर्ण सिटी क्लिनिकले विभिन्न क्षेत्रका सुपरस्पेसलिस्ट चिकित्सक र अल्टासाउन्ड, भिडियो एक्सरे, एक्सरे लगायतका डायग्नोस्टिक सेवा एकै ठाउँबाट प्रदान गरिरहेको छ। क्लिनिकले पनि उपचार र डायग्नोस्टिक सेवामा चाडपर्वका बेला छुट उपलब्ध गराएको प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्थले बताए।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
१९९७ साउन २७ गते

स्वर्गारोहणः
२०८३ असोज २४ गते

**राम बहादुर उदास**

यस भैरब साँस्कृतिक संरक्षण समितिका साधारण सदस्य तथा श्री भैरव नृत्य कलाकार **राम बहादुर उदास**को असामयिक निधन भएकोमा यस भैरव समिति परिवार स्तब्ध एवम् मर्माहत भएको छ। यस दुखद घडीमा ब्रम्ह्लीन आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै स्वर्गारोहण आत्माको चीरशान्ति एवम् उहाँको बैकुण्ठवासको कामना गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री भैरब साँस्कृतिक संरक्षण समिति परिवार**
**भैरवटोल, पोखरा-२**

# हलगोरु पाल्ने ४६ कृषकलाई जनही सात हजार अनुदान

पोखरापत्र संवाददाता
पोखरा, २९ असोज

तनहुँको आँबुखैरेनी गाउँपालिकाले हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्न अनुदान वितरण कार्यक्रम सुरु गरेको छ।

गाउँपालिकाको नीति तथा कार्यक्रमअनुसार पहिलो चरणमा वडा नं १ का ४६ जना हलगोरु पालक कृषकलाई जनही रु सात हजारका दरले अनुदान वितरण गरिएको हो।

हलगोरु पालनपोषण अनुदान वितरण कार्यक्रमअन्तर्गत कृषकलाई रु तीन लाख २२ हजार वितरण गरिएको वडाध्यक्ष प्रेम गुरुङले जानकारी दिनुभयो । कृषिमा आधुनिक प्रविधिको प्रयोग बढ्दै गए पनि ग्रामीण क्षेत्रमा हलगोरुको महत्व अझै सान्दर्भिक रहेकाले हलगोरु पालनका लागि प्रोत्साहन गरिएको हो। खेतबारी जोत्नेदेखि परम्परागत कृषि प्रणालीलाई निरन्तरता दिनसम्म हलगोरुले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। हलगोरु पालनपोषण गर्ने परम्परागत संस्कृतिको संरक्षण तथा कृषकलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यले अनुदान कार्यक्रम सञ्चालन गरिएको हो। बढ्दो लागत र पशुपालनमा देखिएका चुनौतीकाबीच उक्त सहयोगले कृषकलाई हलगोरु पाल्न थप प्रेरणा मिल्ने अपेक्षा गरिएको छ । गाउँपालिकाको यस कार्यक्रमले परम्परागत कृषि प्रणालीको संरक्षण, स्थानीय कृषि संस्कृतिको निरन्तरता तथा कृषकको मनोबल बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ। वडाध्यक्ष गुरुङका अनुसार हलगोरु पाल्ने कृषकलाई सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रमले ग्रामीण कृषि जीवनशैलीसँग जोडिएको परम्परालाई जोगाउन सहयोग पुऱ्याउनेछ।

# अन्नपूर्णका बाढी पहिरो प्रभावितलाई सहयोग

पोखरापत्र संवाददाता
म्याग्दी, २९ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका बाढी पहिरो प्रभावितका लागि सरकारी निकाय र सामुदायिक तहबाट सहयोग प्राप्त हुन थालेको छ।

यही असोज ८ देखि ११ गतेसम्मको झरीपछिको बाढी पहिरोले घरबास गुमाएर 'होल्डिङ सेन्टर', अस्थायी शिविर र आफन्तकहाँ बसेका विस्थापितलाई जिन्सी सामग्री उपलब्ध गराइएको छ । सशस्त्र प्रहरी बल, पुन समाज नेपाल र म्याग्दी उद्योग वाणिज्य सङ्घले आज जिन्सी सामग्री सहयोग गरेका गाउँपालिकाले जनाएको छ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, काठमाडौँलेपठाएकोराहतसामग्री गाउँपालिकामार्फत प्रभावित २० परिवारलाई हस्तान्तरण गरिएको गलेश्वर गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक लुकेन्द्र सुब्बाले जानकारी दिनुभयो।

पुन समाजले घारस्थित वडा कार्यालय परिसरको होल्डिङ सेन्टरमा रहेका पाउद्वारका ११४ जना र शिखमा रहेका किन्दु, घोस्केखोर, घिरवाङका ९१ जनालाई रु सात लाख ९५ हजार मूल्य बराबरको सामग्री वितरण गरेको जनाएको छ । समाजका उपाध्यक्ष राजु पुनले दुई ठाउँका २२७ जनालाई एक/एक थान न्यानो कपडा (ब्ल्याङ्केट) र खाद्यान्न उपलब्ध गराएको जानकारी दिनुभयो । गिवाङ र नेपानेका प्रभावितलाई बिहीबार तथा सिरुवारीको अस्थायी शिविरमा रहेका राम्चेको महभिरलगायतठाउँकाप्रभावितलाई दसैँलगत्तै राहत सामग्री वितरण गरिने उहाँले बताउनुभयो।

म्याग्दी उद्योग वाणिज्य सङ्घले रु छ लाख मूल्य बराबरको २५ किलोग्राम तौलका ४० बोरा चामल, ४० पोका राहत प्याकेट, ४० कार्टुन चाउचाउ, दुई कार्टुन सनफलावर तेल, ३० सेट सोलार प्यानल र ३६ थान त्रिपाल अन्नपूर्ण गाउँपालिकालाई सहयोग गरेको सङ्घका महासचिव जिसीले जानकारी दिनुभयो । विपद्मा परी पाँच जनाको मृत्यु, एक जना बेपत्ता भएका छन् भने ६० घर पूर्ण र १२ ९ घर आंशिक रूपमा क्षतिग्रस्त भएको गाउँपालिकाका अध्यक्ष भारत पुनले बताउनुभयो। घार, शिख र सिरुवारीको तीन वटा आश्रयस्थलमा २५५ जना प्रभावितले आश्रय लिएका छन् । थप १५६ जना प्रभावित आफन्त तथा छिमेकीको घरमा बसेका छन् । गाउँपालिकाले त्रिपाल र टेन्टको व्यवस्था गरी प्रभावितलाई अस्थायी बसोबासको प्रबन्ध मिलाएको छ।

# फर्सेका बाढीपीडितलाई दसैँको रौनकले छोएन्

सन्तोष गौतम
म्याग्दी, २९ असोज

नेपालीको विशेष पर्व दसैँको रमझम सुरु भएको छ। कतै घर लिपपोत गरेर चिटिक्क पारिँदैछ त कतै दसैँका लागि भेडाच्याङ्ग्राको जोहो गरिँदैछ । चाडपर्वका लागि आवश्यक सामग्री किनमेल गर्न बजारमा चहलपहल बढेको छ तर म्याग्दीको सदरमुकाम बेनी बजारसँगै जोडिएको पर्वतको जलजला गाउँपालिका-८ फर्सेका बासिन्दालाई यस वर्ष दसैँको रौनकले छोएको छैन।

यही असोज ८ देखि ११ गतेसम्मको अविरल वर्षापछि कालीगण्डकी नदीमा आएको बाढीले घरबास बगाएपछि उनीहरूको दसैँ खल्लो बनेको छ। जिन्दगीभरको कमाइ र मेहनतले बनाएको घर गुमाएका उनीहरूलाई चाडपर्वको खुसीभन्दा घरबारविहीन हुँदाको पीडाले बढी सताएको छ। बेनी नगरपालिका-१ बेलबोटकी देवी थापाले फर्सेमा गाईभैँसी पालेर दुई दशक बिताउनुभयो । बाढीले घर बगाएपछि अहिले उहाँ माइतीको आश्रयमा हुनुहुन्छ । घर गुमाउँदाको पीडाले यस वर्ष दसैँ मनाउने जाँगर नचलेको उहाँले बताउनुभयो । "जिन्दगीभरको कमाइ र मेहनतले जोडेको घर बाढीले बगायो। अहिले माइतीमा आश्रय लिएर बसेका छौँ," उहाँले भन्नुभयो, "घर गुमेको पीडाले चाडपर्व मनाउने मनस्थिति छैन । यसपालि जमरा पनि राखेकी छैन।" ६६ वर्षीय तीर्थबहादुर केसीको पीडा पनि उस्तै छ । बाढीले घर बगाएपछि उहाँ छ जनाको परिवारसहित छिमेकीको घरमा डेरा लिएर बस्नुभएको छ।

"घरगोठ र सम्पत्ति सबै गुमायौँ । अहिले छिमेकीको घरमा बसेका छौँ," उहाँले भन्नुभयो, "यस्तो अवस्थामा दसैँ मनाउने अवस्था नै छैन ।" कालीगण्डकी नदीको बाढीले बस्तीलाई बगरमा परिणत गरेपछि फर्सेका करिब एक सय परिवारको अवस्था यस्तै छ। जलजला गाउँपालिका-८ का वडाध्यक्ष हरिविकास जिसीका अनुसार बाढीले फर्सेका ७५ घर पूर्ण रूपमा क्षति भएका छन् भने २७ घर जोखिममा छन्।

बाढीका कारण विस्थापित भएका ७५ परिवारका १२९ महिला, १४४ पुरुष र पाँच वर्षमुनिका आठ बालबालिका प्रभावित भएका छन्। घरबारविहीन भएका परिवारमध्ये अन्यत्र घर नभएका र आफन्तकहाँ आश्रय लिन नसक्नेहरूलाई सुरक्षा निकायको सहयोगमा अस्थायी शिविरमा राखिएको छ। "बाढीपीडित सर्वसाधारण मात्र होइन, प्रभावितको व्यवस्थापनमा खटिएका जनप्रतिनिधि, कर्मचारी र सुरक्षाकर्मीलाई पनि दसैँको रौनकले छोएको छैन," वडाध्यक्ष जिसीले भन्नुभयो, "पूर्वसूचना र सतर्कताका कारण मानवीय क्षति हुन पाएन। कालीगण्डकीको बाढीबाट फर्से सबैभन्दा बढी प्रभावित बस्ती बनेको छ।"

रातको समयमा बाढी आएपछि ज्यान जोगाउन भागेका धैरै बासिन्दाले शरीरमा लगाएको कपडा र हातमा भएको मोबाइलबाहेक केही निकाल्न प एनन् । घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा, फर्निचर, नगद र महत्वपूर्ण कागजात बाढीमै बगे। "शरीरमा भएको कपडा मात्रै लगाएर झरीमा भिज्दै राति दुई बजे सडकमा निस्कियौँ," स्थानीय डल्ली दमाईले भन्नुभयो, "घरमा अन्न, लत्ताकपडा, फर्निचर, भाँडाकुँडा, नगद र महत्त्वपूर्ण कागजात थिए । तर, हामीसँग ज्यान जोगाउने समय मात्रै थियो।" हाल विस्थापित परिवार दिनमा एकपटक बाढीले बगाएको घर भएको ठाउँमा पुग्छन्।

भग्नावशेष हेर्छन् । पुराना दिन सम्झन्छन् । अनि भारी मन लिएर फर्किन्छन् । कृष्ण दमाई, राजेन्द्र श्रेष्ठ, सूर्य थापा, धनकुमारी अधिकारी र टीकाराम क्षेत्रीको अवस्था पनि उस्तै छ । उहाँहरूले पनि शरीरमा लगाएको कपडाबाहेक घरबाट केही निकाल्न पाउनुभएन । "आफ्नै घर भएको ठाउँमा कालीगण्डकी बगेको देख्दा मन भारी हुन्छ," उहाँहरूले भन्नुभयो, "डुबानमा परेका घरको हिलो पन्छाउँदा पुरिएका सामान भेटिन्छन् कि भन्ने आशा अझै छ।" बाढीले फर्से र बागलुङको ढोडेनी जोड्ने करिब एक सय वर्ष पुरानो झोलुङ्गे पुल बगाएको छ। इतिहास र स्थानीय जनजीवनसँग जोडिएको उक्त पुल अब सम्झनामा मात्रै सीमित भएको छ। बाढीबाट नभत्किएका घरभित्र पनि पानी र हिलो पसेकाले बस्न नसकिने अवस्था छ। बचेका घर जोखिममा छन्। पञ्चायतकालमा फर्से व्यापारिक केन्द्रका रूपमा परिचित थियो । बागलुङ, मुस्ताङ र म्याग्दी ओहोरदोहोर गर्ने यात्रुका लागि यो महत्वपूर्ण ठाउँ थियो । सडक विस्तारसँगै फर्सेको पुरानो व्यापारिक स्वरूप बदलियो। स्थानीय बासिन्दा कृषि तथा पशुपालन व्यवसायमा लागे। बेनी, कुश्मा र बागलुङ बजार नजिकै भएकाले यहाँका बासिन्दाले दूध र तरकारी उत्पादनलाई आम्दानीको मुख्य स्रोत बनाएका थिए।

बाढीले घरगोठ र पशुपालनका संरचना बगाएपछि किसानको जीविकोपार्जन सङ्कटमा परेको छ। सरकारी निकायबाट सहयोग पाएमा पुनः पशुपालन व्यवसाय सुरु गर्न सकिने आशा सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाका सचिव खड्ग केसीले व्यक्त गर्नुभयो । कृषक रुपा सापकोटाले गोठमा बिछ्याउने काउम्याट उपलब्ध भए गाईभैँसीलाई चिसोबाट जोगाउन सकिने बताउनुभयो। उहाँले बाढी प्रभावित किसानका लागि तत्काल पशुआहारा र दानाको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

पुनःस्थापनाको पर्खाइमा प्रभावित बस्ती

पछिल्लो मनसुनजन्य विपद्बाट जलजला गाउँपालिका-८ स्थित फर्सेसँगै वडा नं ७ का ताङवाङ र खानीगाउँ प्रभावित भएका छन्। वडा नम्बर ४ को लामाखेतमा कालीगण्डकीको बाढी पसेर क्षति पुगेको छ। पहिरोका कारण ताङवाङ र खानीगाउँका ३५ परिवार विस्थापित भएको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो । "पहिरोले बस्ती घेरिएको छ । पाखो चिराचिरा परेको छ भने घरका पर्खाल सुरक्षित छैनन्," उहाँले भन्नुभयो, "त्यसैले खानीगाउँ र ताङवाङका बासिन्दा सुरक्षित ठाउँमा आएर अस्थायी टहरा बनाएर बसेका छन्। प्रभावित बस्तीको स्थलगत निरीक्षण गरी आधारभूत राहत सामग्रीको व्यवस्था र अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापनाको कार्ययोजना अघि बढाएका छौँ।"

जलजला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्दीप काफ्लेका अनुसार गाउँपालिकाभर बाढीपहिरोबाट १२६ घर पूर्ण र ५० घर आंशिक रूपमा क्षति भएका छन्। थप एक ४० घर जोखिममा छन्। गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले बाढीपहिरो प्रभावितको पुनर्वास र पुनर्निर्माणका लागि अल्पकालीन तथा दीर्घकालीन योजना बनाइएको बताउनुभयो । "तत्कालका लागि जस्तापाता, भाँडाकुँडा, लत्ताकपडा र खाद्यान्न उपलब्ध गराएर अस्थायी टहरा बनाई बसोबासको व्यवस्था मिलाउने योजना छ," उहाँले भन्नुभयो, "दीर्घकालीन रूपमा सरकारको नीतिअनुसार निजी आवास र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्नेछौँ।"

उहाँका अनुसार निजी आवाससँगै क्षतिग्रस्त सडक, खानेपानी, सिँचाइ र विद्यालय भवन पुनर्निर्माण तथा जोखिममा रहेका बस्तीको संरक्षण गर्नुपर्नेछ । बाढीपहिरो नियन्त्रणका लागि आवश्यक आर्थिक स्रोत जुटाउन सङ्घीय तथा प्रदेश सरकार र दातृ निकायसँग समन्वय भइरहेको उहाँले बताउनुभयो। दसैँमा घर फर्किने, परिवारसँग बसेर मीठोमसिनो खाने र खुसी साटासाट गर्ने फर्सेबासीको चाहना यस वर्ष बाढीले खोसेको छ। घरबार गुमाएका उनीहरूका लागि अहिले चाडपर्वको उल्लासभन्दा सुरक्षित बास र गुमेको जीवनयापन पुनः कसरी सुरु होला भन्ने चिन्ताले सताएको छ।

# तनहुँमा एक वर्षमा ४६ वन्यजन्तुको उद्धार

पोखरापत्र संवाददाता
दमौली, २९ असोज

डिभिजन वन कार्यालय तनहुँले एक वर्षमा जिल्लाका विभिन्न स्थानबाट ४६ वन्यजन्तुको उद्धार गरेको छ। अधिकांशलाई जीवितै उद्धार गरिएको छ भने केही मृत तथा घाइते अवस्थामा फेला परेका हुन्।

जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार गत आर्थिक वर्षमा चितुवा, चरीबाघ, मृग, अजिङ्गर, सर्प, गिद्ध, बाँदर, स्याललगायत वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरिएको हो । कार्यालयले जीवित उद्धार गरिएका वन्यजन्तुलाई सुरक्षित रूपमा प्राकृतिक वासस्थानमा छाड्ने गरेको छ भने मृत फेला परेका वन्यजन्तुलाई सुरक्षित रूपमा गाड्ने गरेको उहाँले बताउनुभयो । सो अवधिमा दुई चितुवा मृत अवस्थामा फेला परेका थिए भने एउटा चितुवालाई जीवितै उद्धार गरिएको थियो। एउटा चितुवा घाइते अवस्थामा फेला परेको थियो । त्यसैगरी एउटा चरीबाघ जीवितै उद्धार गरिएको रानाभाटले बताउनुभयो। त्यस्तै, पाँच वटा मृग जीवितै उद्धार गरिएका थिए भने एउटा मृग मृत अवस्थामा फेला परेको थियो । चार अजिङ्गर, २७ सर्प, एउटा गिद्ध र तीन भार्से जीवितै उद्धार गरिएको रानाभाटले जानकारी दिनुभयो । उहाँका अनुसार एउटा स्याल भने मृत अवस्थामा फेला परेको थियो।

वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्ने, घाइते अवस्थामा भेटिने वा अन्य कारणले जोखिममा पर्ने घटनामा कार्यालयले उद्धार तथा व्यवस्थापनको काम गर्दै आएको छ । जीवित उद्धार गरिएका वन्यजन्तुलाई प्राकृतिक वासस्थानमा सुरक्षित रूपमा छाड्ने गरिएको कार्यालयले जनाएको छ।

वन्यजन्तुबाट मानिस, पशुधन तथा कृषिबालीमा भएको क्षतिबापत डिभिजन वन कार्यालय तनहुँले सो अवधिमा रु सात लाख ३९ हजार ३७० राहत वितरण गरेको छ । बाँदर र भालुको आक्रमणबाट मानिस घाइते भएकालाई राहतस्वरूप रु दुई लाख १८ हजार एक सय वितरण गरिएको छ। त्यसैगरी, वन्यजन्तुको आक्रमणबाट पशुधनमा क्षति पुगेका किसानलाई रु पाँच लाख सात हजार राहत वितरण गरिएको छ । पशुधन क्षतिअन्तर्गत ५१ बाख्रा, एउटा गोरु र एउटा पाँडा क्षति भएको कार्यालयले जनाएको छ । वन्यजन्तुबाट कृषिबालीमा पुगेको क्षतिबापत रु १४ हजार दुई सय ५० राहत वितरण गरिएको छ । बाँदरले मकैबालीमा क्षति पुऱ्याउँदा किसान प्रभावित भएको कार्यालयको विवरणमा उल्लेख छ।

वन्यजन्तुको उद्धार तथा क्षतिको राहत वितरणले जिल्लामा मानव र वन्यजन्तुबीचको द्वन्द्व व्यवस्थापनको आवश्यकता देखाएको छ । वन्यजन्तु बस्तीमा प्रवेश गर्दा मानिसको सुरक्षामा जोखिम बढ्नुका साथै पशुधन र कृषिबालीमा समेत क्षति पुग्ने गरेको रानाभाटले बताउनुभयो।

वन्यजन्तुको संरक्षणसँगै स्थानीय बासिन्दाको सुरक्षा र जीविकोपार्जनमा पर्ने असर न्यूनीकरण गर्नु आवश्यक देखिएको उहाँको भनाइ छ। डिभिजन वन कार्यालय तनहुँले वन्यजन्तु उद्धार र व्यवस्थापनसँगै प्रभावितलाई राहत उपलब्ध गराउने काम गर्दै आएको छ।


## गैह्रबैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

मितिः २०८३/०६/३० गते

यस पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्वामित्वमा रहेको तपशिल बमोजिमको घर जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस सहकारीको प्रधान कार्यालय, बुद्धचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्धारा आव्हान गरिन्छ। यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्र)औं दिनमा सो दिन बिदा भएमा त्यस लगतै कार्यालय खुल्ने दिन तपशिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्धारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। तोकिएको दिन विदा परेमा सो को भोलिपल्ट दिनको १:०० बजे बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको प्रधान कार्यालय बुद्धचोकमा सम्पर्क गर्नुहोला।

**तपशिल**

**बोलपत्र खुल्ने मिति :२०८३/०७/१६ गते सोमबार**

**समय : दिनको १:०० बजे।**

**स्थान : संस्थाको प्रधान कार्यालय बुद्धचोक, पोखरा कास्की**

**तपशिलः**

| सि.नं. | जिल्ला | गा.बि.स. | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कास्की | देउराली<br>देउराली | ४<br>५ | ०९४१२५३<br>०९४११७३ | ३८१<br>९४९ | ६-४-२-२<br>१-३-०-० | जग्गा<br>जग्गा |
| २ | तनहुँ | ढोरफिर्दी | १ | १ घ | ४८९ र<br>४९१ | ०-३-३-३ र<br>०-०-२-० | जग्गा |
| ३ | तनहुँ | जामुने | ९ | ९क | २८५ | २-०-०-० | जग्गा |
| ४ | तनहुँ | धवादी<br>पार्वतीपुर | ८ | ८घ | ३२ | ५-०-१-३ | जग्गा |
| ५ | तनहुँ | ढोरफिर्दी | ३ | ३क | २५८३ | ०-६-१-३ | घरजग्गा |
| ६ | कास्की | ग्यारजाती | ५ | ०९३०८७७ | १४५५ | ०-१४-०-० | जग्गा |

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ROYAL
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com